# सामुदायिक वन समूहमा महिला सहभागिता:
## *सुशासन सुधारको महत्त्वपूर्ण पाटो*

✍ जीवनमणि पौडेल[१]

## १. पृष्ठभूमि

नेपालमा भौतिक संरचनाहरूको विकास तथा प्राकृतिक स्रोतहरूको व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता सँगसँगै सुशासन तथा समतामूलक समावेशीकरणका मुद्दाहरूको विषयमा प्रसस्त छलफल, बहस तथा अध्ययन अनुसन्धान भएका छन्। प्राकृतिक स्रोतहरूको व्यवस्थापनमा सामाजिक तथा आर्थिक समता र समाजिक न्याय नभएसम्म समुदायले सुशासनको अनुभूति गर्न सक्दैनन्। यस अर्थमा सामाजिक तथा आर्थिक समता पनि सुशासनको महत्त्वपूर्ण पाटो हो।

नेपालका सामुदायिक वन समूहहरूमा सुशासनको अवस्थामा सुधार ल्याउनका लागि सरकारी तथा गैरसरकारी निकायहरूबाट विभिन्न क्रियाकलापहरू सञ्चालन भइरहेको पाइन्छ। यसै सन्दर्भमा, नेपालको कोशी पहाडी क्षेत्रका चार जिल्लाहरू (भोजपुर, धनकुटा, तेह्रथुम र सङ्खुवासभा) मा रहेका सामुदायिक वन समूहहरूमा सुशासनको अवस्था सुधार गर्ने उद्देश्यले बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत थुप्रै क्रियाकलापहरू सञ्चालन हुँदै आएका छन्। यस लेखमा ती क्षेत्रका सामुदायिक वन समूहहरूमा सामाजिक तथा आर्थिक समता र न्यायको अवस्था कस्तो छ र बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत सञ्चालन भएका क्रियाकलापहरूले सामुदायिक वन समूहहरूमा सुशासनको अवस्था सुधार गर्नका लागि गरेका प्रयास कति सफल भएका छन् भन्ने विषयमा छलफल गर्ने प्रयास गरेको छ। साथै यस लेखमा बहुसरोकारवाला वन कार्यक्रमका क्रियाकलापहरू सञ्चालन गर्ने प्रक्रियाहरूमा देखिएका चुनौतीहरूको विषयवस्तुलाई लैङ्गिक समानताको विषयमा केन्द्रित हुँदै विश्लेषण गर्ने प्रयास गरिएको छ।

यो लेख महिला सहभागिता सम्बन्धी पूर्व प्रकाशित लेख रचनाहरूको समीक्षाका साथै बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन भएका चार जिल्लाहरूमध्ये भोजपुर, धनकुटा र तेह्रथुम जिल्लाका केही वन समूहहरूमा स्थलगत अवलोकन, समुदायहरूसँगको छलफल, तथा यस कार्यक्रमसँग सम्बन्धित कर्मचारीहरूसँगको अन्तरक्रियाका आधारमा तयार गरिएको छ। स्थलगत अवलोकन तथा छलफलका क्रममा तीन जिल्लाका कूल पाँच वटा वन समूहहरूमा सामूहिक छलफल गरिएको थियो भने सम्बन्धित सामुदायिक वन समूहका कार्यसमितिका पदाधिकारीहरू, गाउँस्तरीय वन महासङ्घका प्रतिनिधि, जिल्ला सामुदायिक वन महासङ्घका प्रतिनिधि, तथा बहुसरोकारवाला वन कार्यक्रमसँग सम्बन्धित स्थानीय कर्मचारीहरूसँग पनि अन्तरक्रिया गरिएको थियो। यसका साथै स्थलगत अवलोकनबाट भएको सिकाइ तथा बुझाइलाई पनि यस लेखको महत्त्वपूर्ण आधार मानिएको छ।

## २. सुशासनको अवधारणा र विकास

नेपाली भाषामा सुशासन शब्दलाई राम्रो शासन भनी परिभाषित गरेको देखिन्छ। राम्रो शासन भनेको के हो ? यो कसरी सम्भव छ ? भन्ने प्रश्नहरूको उत्तर खोज्ने हो भने सुशासन आफैंमा एक जटिल प्रक्रिया हो र यसले शासन प्रक्रियाको बहुआयामिक पक्षलाई समेट्छ। त्यसैले सुशासन भित्र कुनै पनि संस्थाहरूका दुईवटा पक्षहरू (संरचना र प्रक्रिया) समावेश भएको हुन्छ (Adger 2009)। संरचनाले संस्थामा हुने समान र समावेशीपूर्ण सहभागितालाई बुझाउँछ भने प्रक्रियाले संस्थाको पारदर्शिता, प्रजातान्त्रिक निर्णय प्रक्रिया, सदस्यहरूको उत्तरदायित्व, विधिको शासन,

---

१ लेखक (विद्यावारिधिका शोधार्थी) त्रिभुवन विश्व विद्यालय, मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरमा अध्यापन गराउनु हुन्छ।

प्रभावकारिता तथा कार्यदक्षता आदिलाई जनाउँछ (Ojha 2008, Adger *et al.* 2009, Shrestha *et al.* 2009, राई र भण्डारी २०७१)। त्यसैले सुशासनले विकास र प्राकृतिक स्रोत संरक्षणको क्षेत्रमा समाज वा समुदायमा पछाडि परेका वा पारिएका व्यक्ति, समूह, लिङ्ग, वर्ग, जातजाति, भौगोलिक क्षेत्र आदिको समान सहभागिता र समावेशीकरणको बहसलाई घनीभूत गर्नै पर्दछ। यस विषयमा हुने बहसले समुदायका गरिब तथा विपन्नहरूको आवाजले निर्णय प्रक्रियामा ठाउँ पाउँछ।

सन् १९८० को दशकमा अफ्रिकी मुलुकमा देखिएको आर्थिक पछौटेपन र त्यसले सिर्जना गरेको सामाजिक तथा आर्थिक दयनीयताको कारक तत्त्व कमजोर सुशासनको परिणाम हो भन्ने कुरा विश्व बैंकको अध्ययनमा देखिएको छ। यसैको परिणामस्वरूप विकास र प्राकृतिक स्रोतहरूको व्यवस्थापनमा सुशासनको अवधारणाको विश्वव्यापीकरण भएको देखिन्छ। पछि, यो विषयलाई आर्थिक विकासको मुख्य आधार पनि मान्न थालियो। यद्यपि सन् १९९६ सम्म यो अवधारणा विकास र शैक्षिक क्षेत्रमा संस्थागत हुन सकेको थिएन। सन् १९९६ मा टर्कीमा भएको ह्याबिट्याट कन्फरेन्सपछि यो अवधारण विश्वव्यापी रूपमा प्रयोग हुन थाल्यो। त्यसपछि मात्र तेस्रो विश्वमा कार्यरत विकासे संस्थाहरूले यस अवधारणालाई आत्मसात् गरेको देखिन्छ।

विकासमा महिला सहभागिताको कुरा गर्ने हो भने, अन्तर्राष्ट्रिय रूपमा विकासमा महिला सहभागिताको मुद्दा सन् १९७५ देखि मात्र उठ्न थालेको देखिन्छ। संयुक्त राष्ट्रसङ्घले सन् १९७५ लाई अन्तर्राष्ट्रिय महिला वर्ष र सन् १९७५-८५ लाई अन्तराष्ट्रिय महिला दशकको रूपमा घोषणा गऱ्यो। उक्त घोषणासँगै विकासमा महिलाको सहभागितालाई सकारात्मक रूपमा लिन थालियो। सन् १९८५ मा केन्याको नैरोबीमा भएको अन्तर्राष्ट्रिय सम्मेलन र महिला मञ्चको विश्व सम्मेलनमा विकासका मुद्दामा महिलालाई केन्द्रमा राख्नुपर्ने कुरा औंल्यायो। सन् १९९५ मा चीनको राजधानी बेइजिङमा भएको अन्तर्राष्ट्रिय महिला सम्मेलनले विकासमा महिलाको सहभागिता, सशक्तिकरण र समावेशीकरणका सवालहरूलाई जोडतोडका साथ उठायो। वास्तवमा बेइजिङ सम्मेलन नै विकासमा महिला सहभागिता, सशक्तिकरण र समावेशीकरणका सवालमा पहिलो कोशेढुङ्गा थियो। यसपछि भने विकासमा महिला (Women in Development [WID]) र महिला र विकास (Women and Development [WAD]) को अवधारणाहरूको विकास भयो। यी अवधारणाहरूका कारण विकासका क्षेत्रहरूमा महिला सहभागिताको विषय राष्ट्रिय तथा स्थानीय क्षेत्रका बहसहरुमा प्राथमिक विषय बन्न थाल्यो। आज नेपालका विभिन्न क्षेत्रहरूमा महिला समावेशी पनि यिनै अन्तर्राष्ट्रिय सम्मेलनका उपज हो भन्न सकिन्छ।

## ३. सुशासनको गोरेटोमा नेपालका वन नीतिहरू : ऐतिहासिक समीक्षा

नेपालमा वन नीतिको कुरा गर्ने हो भने यसको इतिहास धेरै लामो देखिँदैन। सन् १९५७ (वि.सं. २०१३) मा राष्ट्रिय वन ऐन आएसँगै वन नीतिको सुरुआत भएको देखिन्छ। वास्तवमा समयलाई आधार मानेर नेपालको वन नीतिलाई हेर्ने हो भने यसलाई चार भागमा बाँडेर हेर्न सकिन्छ। पहिलो, सन् १९२८ भन्दा अघिको वन नीति, जसको उद्देश्य वनलाई कृषिक्षेत्रमा परिणत गर्ने रहेको थियो। दोस्रो, सन् १९२९ देखि सन् १९६० सम्मको वन नीति जसले वनलाई राष्ट्रियकरण गऱ्यो। तेस्रो, सन् १९६१ देखि सन् १९७७ सम्मको वन नीति जसले वनको संरक्षणमा जोड दियो। र चौथो, सन् १९७७ पछिको वन नीति जसले जनसहभागिताको अवधारणा अवलम्बन गऱ्यो।

वास्तवमा सन् १९२८ भन्दा अघि वन नीतिले वनलाई कृषिक्षेत्रमा परिणत गर्दै राजस्व बढाउने नीति अवलम्बन गरेको थियो भने पछिल्लो अवधिमा भने काठको निर्यात गरी राजस्वलाई बढाउने नीति अवलम्बन गर्न पुग्यो। वि. सं. २०१३ मा स्थानीय मानिसहरूको वनमाथिको पहुँचलाई लगाम लगाउँदै वनलाई राष्ट्रियकरण गरी वनको संरक्षण र संवर्धन गर्ने जिम्मा सरकारले लिन पुग्यो। यी नीतिका बाबजुद पनि वन व्यवस्थापनमा

सुधार आएन । बरु वन विनाशको दर तिब्र रुपमा अघि बढ्यो । वास्तवमा यो नै वन व्यवस्थापनको नाममा माथिबाट लादिएको अवधारणा थियो । त्यसैले सन् १९७० को दशकको अन्त्यतिर वन व्यस्थापनमा जनसहभागिताको अवधारणालाई नेपाल सरकारले नीतिगत रूपमा कानून र निर्देशिकामार्फत कार्यान्वयन गरेको देखिन्छ ।

सन् १९७० को दशकको अन्त्यतिर अमेरिकी सहयोगमा सञ्चालित स्रोतको परिचालन र संरक्षण परियोजना र नेपाल अस्ट्रेलियन सामुदायिक वन परियोजनाले नेपालको वन व्यवस्थापनमा जनसहभागिताको अवधारणालाई भित्र्याएको देखिन्छ। यद्यपि यो अवधारणा जनसहभागिता भन्दा पनि पूर्णरूपमा हिमालय क्षेत्रको वातावरणीय सङ्कटलाई सम्बोधन गर्ने लक्ष्यले आएको थियो (Metz 2010) । यसपछि भने नेपाल सरकारले जनसहभागितालाई वन क्षेत्रको व्यवस्थापनमा विस्तारै राष्ट्रिय कार्यक्रमको रूपमा लियो । यसै कार्यक्रमलाई आधार मानेर सन् १९६१ को वन नीतिलाई सन् १९७८ मा परिमार्जन गर्‍यो । यो नै वन व्यवस्थापनमा विकेन्द्रीकरणको पहिलो कोशेढुङ्गा थियो । यद्यपि सन् १९८८ सम्म आइपुग्दा पनि सामुदायिक वनमा जनसहभागिताको अवधारणालाई पूर्णरूपमा आत्मसात् गरिएको थिएन ।

सन् १९८६-८८ मा नेपाल सरकारले विदेशी सङ्घसंस्थाहरूको सहयोगमा २५ बर्षे वन गुरुयोजना तर्जुमा गर्‍यो र सन् १९८९ मा यसलाई नेपाल सरकारले स्वीकृत गर्‍यो । यस गुरुयोजनाले स्थानीय जनतालाई पहिलो पटक वन व्यवस्थापनमा मुख्य सरोकारवालाको रूपमा पहिचान गर्‍यो। साथै वनको व्यवस्थापन, संरक्षण र विकासमा वन उपभोक्ता समूहहरूको आवश्यकतालाई महसुस गर्‍यो। वास्तवमा वन गुरुयोजना नेपालको इतिहासमा वन व्यवस्थापनका लागि निर्माण गरिएका विभिन्न कार्यक्रमहरू मध्ये एउटा महत्त्वपूर्ण नीतिगत दस्तावेज थियो भन्न सकिन्छ (Gautam *et al.* 2004) । यद्यपि यस गुरुयोजनामा सुशासनका सूचकहरू जस्तै सामाजिक तथा आर्थिक समता र सामाजिक न्यायको अवधारणाहरू स्पष्ट रूपमा आइसकेको अवस्था थिएन ।

नेपाल सरकारले वन गुरुयोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि सन् १९९३ मा नयाँ वन ऐन र सन् १९९५ मा वन नियमावली ल्यायो । यसले वन उपभोक्ता समूहलाई स्वायतता प्रदान गर्‍यो । सन् १९९९ मा भइरहेको ऐनमा संशोधन गरी सामुदायिक वनको २५ प्रतिशत आम्दानी वन व्यवस्थापन र विकासमा खर्च गर्ने नीति अवलम्बन गर्‍यो ।

यसरी नेपाल सरकारले विभिन्न समयमा वन व्यवस्थापनको नीति र निर्देशिकाहरूमा समय सापेक्ष नीतिगत परिवर्तन र संशोधन गर्दै आए तापनि सामाजिक तथा आर्थिक समता र सामाजिक न्यायको अवधारणाहरूको सन् २००८ सम्म महसुस गरिएको थिएन। तर नेपालमा भएको राजनैतिक परिवर्तन सँगसँगै सामाजिक बहिष्करणका मुद्दाहरू राष्ट्रिय तथा स्थानीय तहहरूबाट बाहिर आउन थाले । यसको प्रभाव वन व्यवस्थापनका सवालमा पनि देखिन थाल्यो। त्यसैले सन् २००८ मा सामुदायिक वन निर्देशिकामा परिवर्तन गरी सुशासनका तत्त्वहरू अन्तर्गत सामाजिक तथा आर्थिक समता र सामाजिक न्यायको अवधारणालाई बाध्यत्मक रूपमा लागू गर्न निर्देशित गर्‍यो । परिणामस्वरूप सन् १९९६ को सामुदायिक वन मार्गदर्शनको सन् २०१५ मा भएको तेस्रो परिमार्जनमा सावउस कार्यसमितिको मुख्य पदमध्ये एक पदमा (अध्यक्ष वा सचिव) महिला सदस्य अनिवार्य हुनुपर्ने कुराको व्यवस्था भएको छ ।

## ४. कोशी पहाडी जिल्लाका सामुदायिक वनमा सुशासनको अवस्था

सामुदायिक वन समूहहरूमा सुशासन र सार्वजनिक सुनुवाइको प्रभावकारिता हेर्नका लागि भोजपुर, धनकुटा र तेह्रथुम जिल्लाका केही सामुदायिक वन समूहहरूका सदस्यहरू, सरोकार संस्थाका प्रतिनिधिहरूसँग महिलाहरूको सहभागिताका बारेमा छलफल गरियो । सामुदायिक वनको कार्यसमितिमा महिलाको प्रतिनिधित्व र भूमिका, कोषमाथि निम्न वर्गको पहुँच तथा सार्वजनिक सुनुवाइ र सार्वजनिक लेखापरीक्षण कार्यक्रम कार्यान्वयनको अवस्था हेर्दा सामुदायिक वनहरूमा सुशासन, समता र समावेशीताको अवस्थामा केही प्रभाव परेको देखिन्छ ।

## ४.१ सामुदायिक वन समूहहरूमा महिलाको सहभागिता र समावेशिता

भोजपुर, धनकुटा र तेह्रथुम जिल्लाहरूमा रहेका सामुदायिक वन समूहहरूमा सुशासन र सार्वजनिक सुनवाइको अवस्थालाई हेर्दा यी सबै जिल्लाका सावउसहरूमा महिलाको समावेशिताको अवस्था एकै किसिमको देखिँदैन। उदाहरणका रूपमा अध्ययन गरिएका पाँच वटा सामुदायिक वन समूहका कार्यसमितिमा महिलाको सहभागिता कूल सदस्यको ४७.१ प्रतिशत रहेको देखिन्छ। यस आँकाडालाई आधार मान्ने हो भने महिलाहरूको उपस्थिति सामुदायिक वनको कार्यसमितिमा मात्रात्मक वा अङ्कगणितीय रूपमा राम्रो देखिन्छ।

**तालिका १: अध्ययन गरिएका पाँच वटा सामुदायिक वनहरूको कार्यसमितिमा महिला र पुरुषहरूको उपस्थिति**

| सामुदायिक वनको नाम | जम्मा | पुरुष | | महिला | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| चैते सावउस, वसन्तपुर, तेह्रथुम | १३ | ७ | ५३.८ | ६ | ४६.२ |
| गैरीगाउँ उत्तिसेनी, वसन्तपुर, तेह्रथुम | ९ | ५ | ५५.६ | ४ | ४४.४ |
| बजेनी वनपाखा, डाँडागाउँ, धनकुटा | ९ | ५ | ५५.६ | ४ | ४४.४ |
| उत्तिसेनी, डाँडाबजार, धनकुटा | ९ | ५ | ५५.६ | ४ | ४४.४ |
| सेराबिखुवा, बोखिम, भोजपुर | ११ | ६ | ५४.५ | ५ | ४५.५ |
| **कूल** | **५१** | **२७** | **५२.९** | **२४** | **४७.१** |

स्रोतः स्थलगत अध्ययन २०७१

वास्तवमा, सामुदायिक वनको मार्गदर्शनमा उल्लेख भएको प्रावधानका कारण सामुदायिक वनको कार्यसमितिमा महिलाको सहभागिता बढेको मात्र नभई प्रमुख एक पदमा महिला रहेका छन्। कतिपय सामुदायिक वनको कार्य समितिको अध्यक्ष र सचिव दुवै पदहरूमा महिला भएको बताउँछन्। सामुदायिक वनको कार्यसमितिमा सङ्ख्यात्मक रूपमा हेर्दा महिला सहभागिता मात्र बढेको होइन सामाजिक रूपमा बहिष्करणमा पारिएका समुदायका मानिसहरू, जस्तै आदिवासी जनजाति, दलित, गरिब तथा विपन्न तथा भौगोलिक रूपमा टाढा रहेका समूहहरूको सहभागिता तथा प्रतिनिधित्व पनि बढेको कुरा स्थानीयहरूले बताउँछन्। यसलाई सामुदायिक वनमा सुशासनको अवस्थामा सुधार आएको मान्न सकिन्छ।

सामुदायिक वन समूहहरूमा समावेशी, सुशासन र सार्वजनिक सुनुवाइ तथा अन्य कार्यक्रमहरूले महिलाहरूको सहभागितामा आमूल परिवर्तन ल्याएको अनुभव सावउस कार्यसमितिका पदाधिकारीहरूको रहेको छ। विगतको घटनालाई सम्झदै धनकुटा जिल्ला स्थित वजेनी वनपाखा सामुदायिक वनकी अध्यक्ष सीता घिमिरे भन्नुहुन्छ,

> *"........विगतका दिनमा, सामुदायिक वन भन्नवित्तिकै पुरुषहरूको संस्था र उनीहरू भेला हुने ठाउँ भन्ने बुझिन्थ्यो। मेरो घरबाट पनि सामुदायिक वनको कार्यक्रमा बुवा जाने गर्नुहुन्थ्यो। महिलाहरू विरलै मात्रामा सामुदायिक वनका छलफल तथा सभाहरूमा सहभागी हुन्थे। साँच्चै नै भन्ने हो भने, यो पुरुषहरूको क्षेत्र थियो भन्दा अनुपयुक्त नहोला। तर विगत केही बर्ष अघि सञ्चालित वनसँग सम्बन्धित जीविकोपार्जनका लागि वन कार्यक्रमका क्रियाकलापपछि यसमा ठूलो परिवर्तन भएको अनुभव म गर्दछु। महिलाहरू पनि सामुदायिक वनका विभिन्न*

*कार्यक्रमहरूमा सहभागी हुन थालेका छन् । हेर्नुहोस् त मलाई नै । म आफैं पनि केही बर्षदेखि सामुदायिक वनको नेतृत्व गरिरहेको छु । आज सुशासन, समता र समावेशीकरण सम्बन्धी हुने विभिन्न प्रशिक्षण तथा तालिमहरूले यसमा नयाँ ईंटा थप्ने गरे जस्तो लाग्छ । ....”*

घिमिरेको भनाइले के देखाउँछ भने गैरसरकारी सङ्घसंस्थाहरूको संलग्नता सँगसगै केही वर्षयता सामुदायिक वनमा महिलाको सहभागितामा उल्लेखनीय परिवर्तन आएको देखिन्छ । अर्को शब्दमा भन्नुपर्दा, सामुदायिक वन लगायत सार्वजनिक क्षेत्रका निर्णायक तहमा महिलाहरूको पकड बढ्न थालेको देखिन्छ । यद्यपि सामुदायिक वन समूहहरूमा भएको महिला र पुरुषहरूको सहभागितालाई गणितीय आधार वा सर्वेक्षणका आधारमा मात्र व्याख्या गर्ने हो भने हाम्रो बुझाइ सतही, फितलो, सामान्य र अपूर्ण हुने छ । किनभने सङ्ख्यात्मक यथार्थताले मात्रै सत्यता बोल्न सक्दैन (Geertz, 1997) । यसलाई अध्ययन क्षेत्रमा उपस्थिति भएर बुझ्ने हो भने महिलाहरूको सहभागिता वा उपस्थिति र त्यससँग जोडिएको सामाजिक तथा सांस्कृतिक यथार्थताहरू सतहमा आउँछ (Roncoli, Crane & Orlove 2009) । उदाहरणका लागि, १७ अक्टोबर, २०१४ का दिन बिहान ११ बजे तिर म चैते सामुदायिक वनको कार्यसमितिको बैठक कक्षमा पुगें । उक्त बैठक कक्षमा पुग्दा एक जना महिला र सात जना पुरुषहरू हुनुहुन्थ्यो । बैठक अन्त्य हुने समयमा अर्को एक जना महिला पनि आइपुग्नुभयो । उहाँको हातमा हँसिया थियो । गमबुट लगाउनु भएको थियो । उहाँलाई देख्ता लाग्थ्यो घाँसपात गर्दा गर्दै बैठकमा आउनुभएको थियो । उहाँ बैठक अवधिभर केही पनि बोल्नु भएन । अन्त्यमा बैठकको निर्णयमा आफ्नो उपस्थिति जनाएर बाहिरिनु भयो ।

वास्तवमा सामुदायिक वनको कार्यसमितिमा महिलाहरूको सहभागिता अङ्कगणितीय आधारमा बढेको भए तापनि उनीहरूको सक्रिय सहभागिता अझैं पनि न्यून देखिन्छ । न्यून सहभागिताका पछाडि हाम्रो समाजको सामाजिक संरचना र सांस्कृतिक मूल्य मान्यताहरूले महिला र पुरुषलाई प्रदान गरेको फरक-फरक भूमिकाहरू नै सबैभन्दा बढी जिम्मेवार रहेको छ (Chhetri 2001) । महिलाहरूलाई बिहान उठेदेखि चुल्होचौको, केटाकेटीको हेरचाह, थलो-भकारो, घाँसपात आदिमा बाँधिएर बस्नुपर्ने अवस्था छ जसले उनीहरूलाई घरबाहिर निस्कन असजिलो छ । जबसम्म महिलाले गर्ने यी भूमिकाहरूमा पुरुषहरूको सहभागिता वा साझेदारिता बढ्न सक्दैन महिलाहरूको अर्थपूर्ण सहभागिता सार्वजनिक क्षेत्रमा शुन्य वा न्यून नै रहन्छ । यसलाई चैते सामुदायिक वनकी सचिव विमला गुरुङको भनाइले पनि स्पष्ट पार्दछ । उनी भन्छिन्, *“सामुदायिक वनमा महिलाहरूको न्यून सहभागितामा महिला दिदी बहिनीहरू भन्दा दाजुभाइ बढी दोषी हुनुहुन्छ । किनकि उहाँहरूले आफ्ना श्रीमती वा बुहारीलाई घरको काममा सहयोग गरेर सामुदायिक वन लगायत सार्वजनिक क्षेत्रमा जान प्रेरित गर्नुहुन्न”* । साँच्चि नै भन्ने हो भने सार्वजनिक क्षेत्रमा महिलाहरू जाने हो भने घरपरिवार भित्र महिलाले निर्वाह गर्दै आएको भूमिकामा एक किसिमको रिक्तता उत्पन्न हुन्छ । त्यसलाई परिपूर्ति गर्न पुरुषहरू चाहँदैनन् । वा उनीहरूलाई सामाजिक मूल्यमान्यताले नै दिँदैन । यसले पनि महिलाहरूलाई सामुदायिक वन लगायत सार्वजनिक क्षेत्रमा स्वतन्त्ररूपमा सहभागी हुन अप्ठ्यारो पारेको छ भन्न सकिन्छ ।

नेपालमा महिलाहरूको साक्षरता दर पुरुषको तुलनामा अझै पनि तल रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । यो अवस्था ग्रामीण भेगमा अझ बढी रहेको छ । शिक्षामा पछाडि परेको कारणले गर्दा महिलाहरू सामुदायिक वनको कार्यसमितिमा सहभागी हुन हिच्किच्याउने गरेको पाइयो । सहभागिता भए तापनि उनीहरूको भूमिका देखावटी तथा रबर स्ट्याम्प भन्दा फरक नभएको पाइयो । उदाहरणका लागि मैले तेह्रथुम जिल्ला स्थित उत्तिसेनी सामुदायिक वन समूहमा महिलाहरूको सहभागिताको बारेमा कुरा गरेको थिएँ । कार्यसमितिको सचिवमा महिला हुनुहुँदो रहेछ । तर

उहाँ अशिक्षित भएको कारणले सचिव पदले निवाह गर्ने भूमिका सह-सचिव (शिक्षित पुरुष) बाट गरेको पाइयो । सामुदायिक वनको विधानमा एक मुख्य पदमा महिला हुनुपर्ने भएकाले उहाँलाई राखिएको रहेछ। कुराकानीका क्रममा सहसचिवले भन्नुभयो, *"आवश्यक परेको बेलामा उहाँले कागजातमा सही गर्नुहुन्छ अन्य समयमा म आफैं सचिवको सम्पूर्ण कामहरू गर्दै आएको छु ।"*

वास्तवमा यो एक प्रतिनिधि घटना मात्र हो। आज पनि धेरै महिलाहरू पढ्न लेख्न नजानेको कारणले सामुदायिक वन लगायत सार्वजनिक क्षेत्रमा सहभागी हुन सकिरहेका छैनन्। सहभागिता भए तापनि उनीहरूले निर्णय प्रक्रियाहरूमा निर्वाह गर्ने भूमिका अर्थपूर्ण रहेको देखिँदैन् ।

नेपाली ग्रामीण समाजको प्रमुख आयस्रोतको माध्यम कृषि भनिए तापनि गत दशकमा यसमा आमूल परिवर्तन आएको देखिन्छ। आज ग्रामीण भेगमा पनि जीविकोपार्जनको प्रमुख स्रोत कृषि नभै बैदेशिक रोजगारी बन्न पुगेको छ। अर्थात् आयको करिब एकतिहाई बैदेशिक रोजगारीले धानेको देखिन्छ। जसमा युवा पुरुषहरूको संलग्नता बढी रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । बैदेशिक रोजगारीमा पुरुषहरू गएपछि घरायसी कामहरूमा महिलाहरूको बोझ बढेको स्थानीयहरूले अध्ययनका क्रममा बताए । यसै सन्दर्भमा भोजपुर जिल्ला स्थित भवेखु-चिसापाखा-पिप्ले सामुदायिक वनको अध्यक्ष प्रतिक्षा श्रेष्ठ भन्नुहुन्छ,

> *"...बिहान उठेदेखि बेलुका नसुतेसम्म सरसफाई, लुगाधुने, खाना पकाउने, केटाकेटी र बूढाबूढीहरूको हेरचाह जस्ता घरभित्रका विभिन्न कामहरू र घरबाहिरका खेतीपाती र पशुपंक्षीहरूको हेरचाह जस्ता कामहरूमा महिलाहरू संलग्न हुनुपरेको छ। यसरी घाम लागेदेखि अस्ताउने बेलासम्म घर भित्रका र बाहिरका बिभिन्न क्रियाकलापहरूमा संलग्न हुनुपर्ने भएकाले पनि सामुदायिक वन लगायत सार्वजनिक क्षेत्रका क्रियाकलापहरूमा महिलाहरूको सहभागितालाई खुम्चाएको छ । ..."*

वि. सं. २०४६ को राजनैतिक परिवर्तनपछि नेपालमा गैह्रसरकारी सङघसंस्थाहरूलाई विकासको साझेदारीको रूपमा लिन थालियो (आर्चाय, १९९७) । जसको परिणामस्वरूप आज ग्रामीण क्षेत्रमा विभिन्न उद्देश्य बोकेका गैह्रसरकारी सङ्घसंस्थाहरू अनगिन्ती छन् । यसैगरी कैयौं वित्तीय संस्थाहरू महिला तथा सीमान्तकृत समुदायहरूको सशक्तिकरण र जीवनस्तर उकास्ने कार्यमा केन्द्रित तथा क्रियाशील रहेका छन् । हाल नेपाल सरकारको नीति तथा कानूनहरूले यस्ता सङ्घ संस्था लगायत अन्य सरकारी निकायहरूमा कम्तीमा एकतिहाई महिलाहरूको सहभागिता हुनुपर्ने कुराको व्यवस्था गरेको छ। यसैगरी कति संस्थाहरूको कार्यसमितिको एक प्रमुख पदमा महिला हुनुपर्ने नीतिगत व्यवस्था गरेको छ। त्यसैले अहिले हरेक सावउसहरूले आफ्नो संस्थाको कार्यसमितिमा एकतिहाई सदस्य महिला र एक प्रमुख पदमा महिलालाई सहभागी गराउन थालेका छन् । यसलाई सावउसहरूले आफूलाई लैङ्गिक सवालमा संवेदनशील हुनुपर्ने नीतिगत प्रावधानका रूपमा लिन्छन् (Chhetri 1999) । अध्ययन क्षेत्रमा पनि दर्जनौं संस्थाहरू विकास, वातावरण संरक्षण, मानव अधिकार, जीविकोपार्जन आदि विभिन्न क्षेत्रमा आफ्ना विविध गतिविधिहरू सञ्चालन गरिरहेको पाइयो । हरेक सावउसले आफ्नो संस्थाको एक प्रमुख पदमा महिला राख्नुपर्ने नीतिगत प्रावधानले महिलाको सहभागिता त बढेको छ, तर वास्तवमा केही सीमित वर्ग वा समूहका महिलाहरू मात्रै ती विभिन्न संस्थाहरूमा संलग्न रहेको देखिन्छ। यसै सन्दर्भमा धनकुटा जिल्ला स्थित वजेनी वनपाखा सामुदायिक वनकी अध्यक्ष सीता घिमिरे भन्नुहुन्छ,

> *"...हरेक संस्थाले महिला राख्नुपर्छ भन्दछन् । अशिक्षा र घरायसी व्यस्तताले गर्दा सबै महिला दिदीबहिनीहरू सहभागी हुन चाहनुहुन्न । अहिले डाँडाबजार क्षेत्रमा पनि डेढ दर्जनभन्दा बढी संस्थाहरू क्रियाशील छन् । म आफैं पनि १७ वटा संस्थाहरूको विभिन्न पदमा रहेको छु। कहिलेकाहीँ*

*संस्थाका कार्यक्रमहरू जुध्छन् । त्यसैले सबै संस्थाहरूमा सही रूपमा सहभागिता र उपयुक्त योगदान दिन सकिरहेको छु जस्तो लाग्दैन । ...”*

वास्तवमा संस्थाहरूको गतिविधिले महिला सशक्तीकरण र समावेशीका सवालमा सकारात्मक परिवर्तनहरू देखिए तापनि यसले सबै महिलाहरूलाई सशक्तिकरण र समावेशिताको मूलधारमा ल्याउन सकेको देखिँदैन । महिलाहरू सार्वजनिक क्षेत्रका विविध पक्षहरूमा सहभागी हुन थालेका छन् तर त्यसमा पनि केही महिलाहरूको मात्र पहुँच पुगेको तथ्य घिमिरेको भनाइबाट प्रष्ट झल्किन्छ ।

## ४.२ वन समूहका विभिन्न क्रियाकलापहरूमा महिलाको अवस्था

**क) स्तरीकरण र अतिविपन्न वर्गको स्रोतमा पहुँच :** अध्ययन गरिएका सबै सामुदायिक वनहरूमा उपभोक्ताहरूलाई उनीहरूको आर्थिक हैसियतका आधारमा ‘क’, ‘ख’, ‘ग’ र ‘घ’ मा स्तरीकरण गरिएको पाइयो । ‘क’ भन्नाले सम्पन्न उपभोक्ता, ‘ख’ भन्नाले मध्यम उपभोक्ता, ‘ग’ भन्नाले विपन्न उपभोक्ता र ‘घ’ भन्नाले अतिविपिन्न उपभोक्तालाई बुझाउँछ । स्रोतको बाँडफाँड गर्दा पहिलो प्राथमिकतामा ‘घ’ अर्थात अतिविपिन्न उपभोक्तालाई दिने गरेको पाइयो । उक्त कुरा यस विषयमा प्रशिक्षणको कार्यक्रम हुनु भन्दा पूर्व ज्ञान नभएको कुरा भोजपुर जिल्ला स्थित सेराबिखुवा सामुदायिक वनका अध्यक्ष कुल बहादुर प्रधान बताउँछन् । प्रधानको भनाईले पनि सामुदायिक वनको आर्थिक स्रोतहरूमा अतिविपिन्न उपभोक्ताहरूको पहुँच बढेको देखाउँछ । त्यसैगरी सन् २०१४ मा बजेनी वनपाखा सामुदायिक वनलाई उपभोक्ताहरूको जीवनस्तरलाई माथि उठाउने उद्देश्यले बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत रू. ४४,१०० (चौवालिस हजार एक यस रुपैंया) प्रदान गरियो । रकम प्राप्त भएपछि कार्यसमितिले साधारण सभाबाट अतिविपन्न २० घरधुरीहरू मध्ये ७ घरधुरीहरूलाई छनौट गर्यो । छनौट गरिएका घरधुरीलाई उनीहरूको आफ्नो इच्छानुसार बाखापालन र सुँगुरपालनमा लगानी गरेका छन् ।

यसैगरी भोजपुर जिल्लाको बोखिम गाविसमा अवस्थित सेराविखुवा सामुदायिक वनमा १५१ उपभोक्ताहरू मध्ये ३९ घरधुरी ‘क’ वर्गमा, ४७ घरधुरी ‘ख’ वर्गमा, ३९ घरधुरी ‘ग’ वर्गमा र २६ घरधुरी ‘घ’ वर्गमा रहेका छन् । उनीहरूको आर्थिक हैसियत अनुसार उपभोक्ता नवीकरण शुल्क पनि फरक फरक निर्धारण गरेको छ । ‘क’, ‘ख’, ‘ग’ र ‘घ’ वर्गका उपभोक्ता घरधुरीलाई क्रमशः रू. २५, २०, १५ र १० नवीकरण शुल्क निर्धारण गरेको छ । उक्त कुराले सामुदायिक वन समूहहरूमा अतिविपन्न उपभोक्ताहरूलाई सकारात्मक विभेदको अभ्यास गर्ने गरेको देखाउँछ ।

**ख) सार्वजनिक लेखापरीक्षण र सार्वजनिक सुनवाइ :** अध्ययन गरिएका सामुदायिक वनहरूमा सार्वजनिक लेखापरीक्षण गर्नका लागि एक स्वतन्त्र निकायको रूपमा लेखापरीक्षण समिति निर्माण गरेको पाइएको छ । ती समितिहरूले हरेक वर्ष दुई पटक सामुदायिक वनको आर्थिक क्रियाकलापको बारेमा लेखापरीक्षण गर्ने गरेका छन् । वास्तवमा सार्वजनिक लेखापरीक्षणले सामुदायिक वनको क्रियाकलापहरूमा पारदर्शिता मात्र ल्याएको छैन यसले वन उपभोक्ता समितिलाई जवाफदेही पनि बनाएको देखिन्छ । लेखा परिक्षिणको अभ्यासको सुरुअवात बहुसरोकारवाला वन कार्यक्रम संञ्चालन हुनु भन्दा पहिले देखि नै भए पनि बहुसरोकारवाला वन कार्यक्रम सञ्चालनले उक्त कार्यक्रमको निरन्तरतामा महत्त्वपूर्ण भूमिका खेलेको कुरा वन समूहका सदस्यहरू बताउँछन् । उक्त क्रियाकलापहरूको अर्को महत्त्वपूर्ण पक्ष भनेको समुदायका महिलाहरूको सहभागिता बढाउने तथा नेतृत्वको विकास गर्ने हो । वन समूहहरूमा सञ्चालन हुने यस्ता नियमित कार्यक्रमहरूमा सहभागि हुँदै जाँदा महिलाहरूको नेतृत्व क्षमता विस्तारै बढ्दै गएको कुरा समूहका सदस्यहरू बताउँछन् ।

तर अध्ययन गरिएका सबै सामुदायिक वनहरूले सार्वजनिक सुनुवाइलाई आत्मसात गरिसकेको देखिएन । भोजपुरका केही सामुदायिक वनहरूले यसलाई व्यवहारमा उतारे पनि तेह्रथुम र धनकुटाका सामुदायिक वनहरूमा यसको कार्यान्वयन भएको

पाइएन । अझ पनि सामुदायिक वनमा कार्यसमितिले नै अधिकांश निर्णयहरू आफैं गर्ने र विरलै मात्रामा समुदायलाई सुनाउने गरेका छन् । यसले नेपालका सामुदायिक वनहरूमा सार्वजनिक सुनुवाइको प्रभावकारी अभ्यास हुनु बाँकी नै रहेको कुरा देखाउँछ । वास्तवमा सार्वजनिक सुनुवाइ नहुँदा सामुदायिक वन समूहहरूको क्रियाकलापमा अपारदर्शिताको सम्भावना बढाउने काम मात्रै हैन यसले वन उपभोक्ता समितिलाई जवाफदेही हुन नपर्ने वातावरण पनि सिर्जना गरेको छ ।

## ५. निष्कर्ष

कोशी पहाडी जिल्लाहरूमा सञ्चालित बहुसरोकारवाला वन कार्यक्रम अर्न्तगत वन समूहहरूको सुशासन सुधारका लागि सञ्चालित सुशासन, समता र समावेशीकरण सम्बन्धी विभिन्न क्रियाकलापहरूले स्थानीय वन समूहहरूमा सुशासन, सामाजिक तथा आर्थिक समता र न्यायका केही पक्षहरूमा सुधार आएको देखिन्छ । महिला, समुदायका सीमान्तकृत वर्ग तथा समुदायका व्यक्तिहरूको वन स्रोतमाथिको पहुँच विस्तारै वृद्धि गरेको छ । सार्वजनिक सुनुवाइ, तथा सार्वजनिक लेखापरीक्षणका अभ्यासहरू सबै सामुदायिक वन समूहहरूमा सञ्चालन हुन नसके तापनि यस्ता कार्यक्रमहरूको आयोजना भएका वन समूहहरूका आर्थिक क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहिता बढाएको देखिन्छ ।

अझै पनि ग्रामीण भेगमा महिलाहरू पुरुषहरूको तुलनामा आफ्नो धेरै समय घरायसी काममा व्यस्त रहनु परेको छ । धेरै समय घरभित्रका काम र खेतीपाती तथा वस्तुभाउको रेखदेखमा बिताउनु पर्ने भएकोले सामाजिक तथा सार्वजनिक क्रियाकलापहरूमा उनीहरूको उपस्थिति अझै पनि न्यून रहेको देखिन्छ । परिणामस्वरूरुप विभिन्न संङ्घसंस्थाहरूको उपस्थिति तथा प्रशिक्षण पश्चात पनि महिलाको सहभागिता अंङ्कगणितीय रूपमा बढे ता पनि यथार्थमा उनीहरूको सहभागिता प्रभावकारी तथा निर्णायक बन्न सकिरहेको देखिँन्दैन । त्यसैगरी अशिक्षा तथा सामाजिक मूल्य मान्यता तथा पुरुषहरूको असहयोगी व्यवहारले पनि महिलाहरूको सार्वजनिक क्षेत्रमा सक्रिय सहभागितालाई सीमित पारेको छ । त्यसैले महिलाको शैक्षिक अवस्थामा र पुरुषहरूको सोचमा परिवर्तन ल्याउन नसकेसम्म सामुदायिक वन लगायत सार्वजनिक क्षेत्रका क्रियाकलापहरूमा महिलाहरूको सहभागिता अर्थपूर्ण हुने सम्भावना न्यून नै रहने देखिन्छ ।

## सन्दर्भ ग्रन्थी

**Acharya, M.** 1997. Non-Government led development strategy in Nepal. In K.B. Bhattachan and C. Mishra (eds.) *Development Practices in Nepal* (Pp. 69-99). Kirtipur: Central Department of Sociology/Anthropology..

**Adger, W. N., Lorenzoni I. and Brien, K. L.** 2009. *Adapting to climate change: thresholds, values, governance*. New York: Cambridge University Press.

**Central Beauro of Statists.** 2012. *National population and household census, 2011(national report)*. Kathmandu: Central Beauro of Statists.

**Chhetri, G.** 2001. A social and cultural perspective of women and community forestry in Nepal. *Contributions of Nepalese studies*. 28(1)-53-72.

**Chhetri, R. B.** 1999. The rhetoric and realities of people's participation in conservation and development in Nepal: an anthropological perspective. In R.B. Chhetri, and O. P. Gurung (Eds.), *Anthropology and sociology of Nepal: cultures, societies, ecology and development*, (pp. 192-211). SASON, Kathmandu Nepal.

**Gautam, A. P., Shivakoti, G.P. and E.L. Webb**. 2004. A review of forest policies, institutions, and changes in the resource condition in Nepal. *International Forestry Review* **6**(2):136-148

**Geertz, C.** 1997. Afterword, in S. Fied & K. Basso (eds.) *Senses of place*. New Mexico: School of American Research Press. Pp. 259-62.

**Graner, E.** 1996. *User group forestry- poor policy for poor people?Nepal's forest legislation*

*from a political ecology perspective*. (unpublisheddoctoral dissertation). Freiburg University, Germany.

**Metz, J.J.** 2010. Downward spirial? Interrogating narratives of environmental change in the Himalaya. In A. Guneratne (ed.) *Culture and the environment in the Himalaya* (pp. 17-39). New York: Routledge

**Ojha, H. R.** 2008. *Reframing Governance: Understanding Deliberative Politics in Nepal's Terai Forestry*. New Delhi: Adroit Publishers.

**Roncoli, R., Crane, T. and Orlove, B.** 2009. Fielding climate change in culatural anthropology. In S. Crate and M. Nuttall (eds.) *Anthropology and climate change: from encounter to action* (Pp.87-115). California: Left coast presee.

**Shrestha, R.B., Shrestha, S. L., Acharya, S. G., Adhikary, S.** 2009. Improving community-level governance: adaptive learning and action in community forest user groups in Nepal. In *Journal of forest and livelihood* 8(2): 67-77.

**नेपाल सरकार।** २०६५। सरोकारवालाका लागि सामुदायिक वन विकास कार्यक्रम र मार्गदर्शन। वन तथा भूसंरक्षण मन्त्रालय, नेपाल सरकार, काठमाडौं।

**राई, जैलबकुमार, र भण्डारी, कमल।** २०७१। सामुदायिक वनमा सुशासन सुदृढीकरणका लागि सहयोगी पुस्तिका। फरेष्ट एक्सन नेपाल र आरआरएन, ललितपुर।